वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
Lawyers forum for human rights and rule of law

# प्रेश विज्ञप्ती

८ भाद्र, २०७७

## सुरक्षा निकायद्वारा नागरिकमाथि गरिएको दुर्व्यवहार तथा अमानवीय व्यवहारको वकालत मञ्च-नेपाल भत्सर्ना गर्दछ ।

देशव्यापीरुपमा कोरोना भाईरस (COVID-19) को महामारी बढिरहेको अवस्थामा स्थानीय प्रशासनले काठमाण्डौ लगायत देशका अधिकांश जिल्लाहरुमा बढ्दो संक्रमण रोकथाम तथा नियन्त्रणकालागि निषेधाज्ञा जारी गरेको छ। संक्रामक रोग ऐन २०२० बमोजिम जारी गरिएको उपरोक्त निषेधाज्ञाले अत्यावश्यक काम बाहेक व्यापार व्यवसाय लगायत अन्य सबै गतिविधिहरुलाई निलम्बन गरेको छ । यस्तो कठीन परिस्थितीमा महामारीविरुद्ध लड्नकालागि सरकारलाई सहयोग र समर्थन गर्नु नागरिकको दायित्व हो भन्ने कुरामा वकालत-मञ्च नेपाल मनन गर्दछ। तर अत्यावश्यक कामले घर बाहिर निस्किएका नागरिकमाथि निषेधाज्ञा लागू गर्ने नाममा कानून कार्यान्वयन गर्ने निकायद्वारा गरिएको दुर्व्यवहार तथा अमानवीय व्यवहारको वकालत मञ्च-नेपाल घोर भत्सर्ना गर्दछ। हालैका दिनमा देशका विभिन्न स्थानमा सुरक्षा निकायले पक्राउ गरी चर्को घाममा घण्टौं उभ्याउने, उठ-बस गर्न लगाउने, भ्यागुता-जम्प गर्न लगाउने, सडकमा घस्रिएर हिड्न लगाउने जस्ता कार्यहरु निन्दनीय हुनुका साथै मानव अधिकार तथा कानूनको शासनको गम्भीर उल्लंघन समेत हो।

गत चैत्र महिनादेखि शुरु भएको बन्दाबन्दीदेखि नै सुरक्षा निकायवाट गरिएका अनावश्यक तथा अत्यधिक बल प्रयोग, यातना तथा दुर्व्यवहार लगायतका घटनाहरु समावेश गरी वकालत मञ्च-नेपालले प्रतिवेदन (AF’s Field Monitoring Report, 2020)[1] प्रकाशित गरेको छ । जुनसुकै परिस्थितिमा पनि (बन्दाबन्दीमा समेत) व्यक्तिको बाँच्न पाउने अधिकार, व्यक्तिगत निष्ठा तथा स्वाभिमान जस्ता हकहरु अहरणीय अधिकारकारुपमा रहन्छ भने कुनै पनी सार्वजनिक पद ग्रहण गरेका अधिकारीले कसैलाई पनि अमानवीय व्यवहार गर्नु हुँदैन र सबै सरकारी निकायहरु (विषेश गरी सुरक्षा निकायहरु ले जनताका अधिकारको सुरक्षा गर्ने सवालमा सम्वेदनशीन हुनु पर्छ र जनतामाथि अमानवीय व्यवहार गर्न नहुने भनी वकालत मञ्च-नेपाल लगायतले दायर गरेको रिट निवेदन उपर सर्बोच्च अदालतले समेत प्रष्ट आदेश जारी गरिसकेको छ।[२]

---

[1] Advocacy Forum-Nepal, ‘Human Rights Impact of COVID-19: Advocacy Forum Nepal’s Field Monitoring Report ' Briefing Paper 2020 <http://advocacyforum.org/downloads/pdf/publications/af-briefing-paper-covid-19-and-human- rights-june-2020.pdf>

[2] Advocacy Forum-Nepal, ‘Legal intervention to strengthen Criminal Justice System during COVID-19 in Nepal 'Brief 2020 < http://advocacyforum.org/downloads/pdf/publications/legal-intervention-to-strengthen-criminal-justice- system-during-covid-19-in-nepal.pdf>

**Head Office:** Lamingtan Marg, House No: 843/23, Phone no:01- 4425561/4432309, Post Box no: 21798, Fax no: 01- 4432309,
Email: info@advocacyforum.org / advocacyforumnepal@gmail.com
URL: www.advocacyforum.org

जारी महामारीको सामना गर्न राज्यले आपतकालीन उपायहरु अपनाउन सक्छ तर त्यस्ता उपायहरु लागू गर्दा सरकारले आवश्यक्ता, आपतकाल र आपतकालीन उपायहरुको आनुपातिकता, लागू गरिएका उपायहरुको समयावधी, अति आवश्यक परिस्थिती, भेदभावरहित, विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको अधिनमा रही लागू गरिएको हुनुपर्छ। आपतकालीन परिस्थिमासमेत सम्मानपूर्वक वाँच्न पाउने हक, यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय लगायत अहरणीय अधिकार हुन् अर्थात त्यस्ता हक अधिकारहरु संकटकालको अवस्थामा पनि निलम्बन गर्न पाईदैन[घ] । तसर्थ, वकालत मञ्च नेपाल, त्यस्ता अमानवीय व्यवहारहरु तत्काल बन्द गर्न, सर्वोच्च अदालतको आदेशको पालना गर्न, मानव अधिकारको सम्मान गर्न र कानूनी शासनको प्रत्याभूत गर्न नेपाल सरकार तथा सम्बन्धित निकाय समक्ष आग्रह गर्दछ।



ओम प्रकाश सेन ठकुरी

निर्देशक

एड्भोकेसी फोरम - नेपाल

[3]Para 7. Human Rights Committee General Comment 29, States of Emergency (article 4), U.N. Doc. CCPR/C/21/Rev.1/Add.11 (2001) <http://docstore.ohchr.org/SelfServices/FilesHandler.ashx?enc=6QkG1d%2fPPRiCAqhKb7yhsjYoiCfMKoIRv2FVaVzRkMjTnjRO%2bfud3cPVrcM9YR0iix49nlFOsUPO4oTG7R%2fo7TSsorhtwUUG%2by2PtslYr5BldM8DN9shT8B8NpbsC%2b7bODxKR6zdESeXKjiLnNU%2bgQ%3d%3d>